# चौतारा साँगाचोकगढी नगरपालिकाको बाली संरक्षण कोष स्थापना कार्यविधि, २०७९

**स्वीकृत मिति : २०७९।०९।२५**

**प्रस्तावना :**

चौतारा साँगाचोकगढी नगरपालिका भित्रका कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुले परम्परागत तथा व्यवसायिक तवरले लगाई रहेको खेती बालीमा देखिने विभिन्न प्रकारका रोग, किरा लगायत माहामारीको रुपमा देखिने यस्ता किसिमको समस्याले कृषकहरुको बालीमा ठुलो मात्रामा क्षती पुऱ्याई रहेको र उत्पादनमा समेत प्रत्यक्ष असर परेको हुनाले आगामी दिनहरुमा यस्ता किसिमका समस्याहरुबाट कृषकहरुको बाली संरक्षणमा मद्दत गर्नुका साथै उत्पादनलाई समेत सुरक्षित गराई उत्पादकत्व वृद्धि गरी नगरभित्र खाद्य तथा पोषणको क्षेत्रलाई समेत मजवुत बनाउने उद्देश्यका साथ कार्यविधि तयार गरी लागू गर्न आवश्यक देखिएकोले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :(१)** यो कार्यविधिको नाम चौतारा साँगाचोकगढी नगरपालिकाको "बाली संरक्षण कोष स्थापना कार्यविधि, २०७९" रहेको छ ।

२. यो कार्यविधि तुरन्त प्रारम्भ हुने छ ।

३. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्दछ ।

(ख) "सहकारी" भन्नाले सहकारी ऐन, २०७४ अनुसार गठन भएको संस्था सम्झनु पर्दछ

(ग) "समुह" भन्नाले साझा उद्देश्य लिई विधान निर्माण गरी स्थानीय कृषि विकास शाखामा कानुनी रुपले दर्ता भएको संस्था सम्झनु पर्दछ ।

(घ) "बाली संरक्षण कोष" भन्नाले यस नगरपालिकाबाट खडा गरिएको कोष जसलाई यस कार्यविधि बमोजिमको कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुले लगाई रहेको खेती बालीमा देखिने विभिन्न प्रकारका रोग, किरा लगायत माहामारीको समस्या पर्दा रोकथामका लागि खर्च गर्न सकिने कोषको रुपमा रहेको रकमलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२
## बाली संरक्षण कोष स्थापना कार्यक्रम

४. चौतारा साँगाचोकगढी नगरपालिका भित्रका कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुले परम्परागत तथा व्यवसायिक तवरले लगाई रहेको खेती बालीमा देखिने विभिन्न प्रकारका रोग, किरा लगायत महामारीबाट जोगाई उत्पादकत्व वृद्धि गरी नगरभित्र खाद्य तथा पोषणको क्षेत्रलाई समेत मजवुत बनाउने उद्देश्यले नगरपालिकाद्वारा तयार गरिएको कार्यक्रम हो ।

(१) यस नगरपालिका भित्रका कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुले लगाई रहेको खेती बालीमा देखिने विभिन्न प्रकारका रोग, किरा लगायत महामारीको समस्या देखा पर्दा यो कार्यक्रम संचालन गरिने छ ।

(२) समस्याको प्रकृति पहिचान गरी आवश्यक अनुसार विषादी, सुक्ष्मतत्व लगायत आदि तत्वहरु उपलब्ध गराईने छ ।

(३) यसरी तत्व वा सामग्रीहरु वितरण गर्दा ५० प्रतिशत रकम अनुदान उपलब्ध गराईनेछ, र ५० प्रतिशत रकम कृषक वर्गले व्यहोर्नु पर्नेछ ।

(४) कृषक वर्गबाट उठेको २५ प्रतिशत रकम बाली संरक्षण कोष स्थापना गरेर कोषमा जम्मा गरिनेछ,आवश्यक अनुरुप यसलाई परिचालन पनि गर्न सकिनेछ ।

## परिच्छेद–३
## कार्यक्रम संचालन

५. यो कार्यक्रम आवश्यकता अनुरुप जुनसुकै बेला पनि सञ्चालन गर्न सकिने छ, कार्यक्रम सञ्चालन गर्दा कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्महरुले लगाई रहेको खेति बालीमा प्राविधिक पक्षबाट अनुगमन तथा नमुना परिक्षण हुनेछ र समस्यामा आधारित रहेर कोषको रकम परिचालन तथा खर्च गरिनेछ ।

६. कार्यक्रम छनौट : कार्यक्रम छनौट गर्दा कार्यविधि अनुरुप मापदण्ड पुगेको कृषक, कृषक समूह, कृषि सहकारी, व्यवसायिक फर्मलाई मात्र कार्यक्रममा सहभागी गरिनेछ ।

छनौटका लागि निम्नानुसारको छनौट समिति हुनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| सम्बन्धित विषयगत समिति संयोजक | सदस्य |
| प्रशासन/योजना शाखा प्रमुख | सदस्य |
| सहकारी शाखा प्रमुख | सदस्य |
| सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

*(समितिलाई राय, सल्लाह, सुझाव आवश्यक परेमा अन्यलाई आमन्त्रित गर्न सकिनेछ ।)*

## परिच्छेद –४
## कार्यक्रम संचालन तथा व्यवस्थापन

७. यस कार्यविधि बमोजिम यस नगरपालिका भित्र संचालन हुने बाली संरक्षण कोष स्थापना कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र निर्देशन नगरपालिकाद्धारा गरिने छ ।

८. **कार्यक्रमको व्यवस्थापन:** चौतारा साँगाचोकगढी नगरपालिकाको स्वीकृत वार्षिक बजेटको सिमा भित्र रही मौज्दात कोष अनुसारको रकम अनुसार कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गरिने छ, यसबाट नगरभित्रका सबै कृषक, कृषक समुह, कृषि सहकारी, व्यवसायिक फर्म लाभान्वित हुनेछ ।

९. **कार्यक्रमको अनुगमन, मूल्यांकन :** कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारी रहेको एक अनुगमन तथा मूल्यांकन समिति रहनेछ ।

| | |
|---|---|
| उप प्रमुख | संयोजक |
| आर्थिक विकास समितिका संयोजक | सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| प्रशासन/योजना शाखा प्रमुख | सदस्य |
| सम्बन्धित शाखाको प्रमुख | सदस्य सचिव |

## परिच्छेद–५
## बजेट व्यवस्था

१०. **चौ**तारा साँगाचोकगढी नगरपालिकाले वार्षिक बजेटमा कार्यक्रम स्वीकृत भए वा नगर कार्यपालिकाको वैठकबाट निर्णय भए पछि मात्र यस्तो कार्यक्रम संचालन गरिने छ । यसरी विनियोजन भएको बजेट यस कार्यविधिको अधिनमा रही खर्च गरिने छ ।

११. **खर्चमा बन्देज :** आर्थिक वर्षको वार्षिक बजेटमा कार्यक्रम समाबेश नगरी वा नगर कार्यपालिकाको वैठकबाट कार्यक्रम स्वीकृत नगरी यस किसिमको खर्च गरिने छैन ।

१२. **पारदर्शिता र उत्तरदायित्व :** यस किसिमको कार्यक्रम संचालन गर्दा कार्यविधि अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गरिने छ ।

**१३. थपघट वा हेरफेर गर्न सक्ने**

(१) चौतारा साँगाचोकगढी नगरपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्धिविधालाई स्पष्ट गर्न आवश्यक निर्णय लिन सक्नेछ ।